# पाख्रीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पाख्रीबास, धनकुटा
२०७३
१ नं. प्रदेश नेपाल


**प.सं. २०७७/७८** **मिति : २०७८/०१/१४**

**विषय : कोरोना भाइरस सम्बन्धी निर्णय कार्यान्वयन सम्बन्धमा।**

पाख्रीबास नगरपालिकामा रहेको **COVID-19 CCMC (COVID-19 Crisis Management Center)** को मिति २०७८ बैशाख १४ गते बसेको बैठकले तपशिल बमोजिम निर्णय गरेको हुँदा उक्त निर्णयहरु कडाइका साथ पालना गर्नु गराउनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## निर्णयहरु

१, पाख्रीबास नगरपालिका वडा नं. ४ मा रहेको पुरानो स्वास्थ्य चौकी भवनलाई आइस्योलेशन वार्डमा रुपान्तरण गरी संभावित संक्रमितहरुको अवस्था हेरी स्वास्थ्यकर्मीको सिफारिसको आधारमा विरामीलाई आइस्योलेशन वार्डमा राख्ने र विरामीहरुलाई खानाको व्यवस्था सम्वन्धित विरामीको परिवारले गर्ने। लक्षण नदेखिएका र सामान्य किसिमका संक्रमितहरु होम आइस्योलेशनमा बस्ने।

२, संभावित संक्रमणलाई मध्यनजर गर्दै सम्पुर्ण नगरवासीहरुले सुरक्षाका उपायहरु अवलम्वन गर्ने । मास्क, स्यानिटाइजर आदि अनिवार्य रुपमा प्रयोग गरी नेपाल सरकारले तोकेका स्वास्थ्य मापदण्ड पालना गर्ने गराउने।

३, नगर क्षेत्रभित्र हाटबजार,पार्क,पिकनिक स्पोर्ट जस्ता भिडभाड हुने र मनोरञ्जनका क्षेत्रहरु पूर्ण रुपमा बन्द गर्ने।

४, संभावित संक्रमणलाई मध्यनजर राख्दै पाख्रीबास नगर कार्यपालिकाको कार्यालयद्वारा सञ्चालित एम्वुलेन्स तयारी अवस्थामा राख्ने।

५, विश्वव्यापी महामारीको रुपमा फैलिएको COVID-19(कोरोना भाइरस)बाट मृत्यु भएका संक्रमितहरुको शव व्यस्थापन नगरपालिकाले तोकेको स्थानमा गर्ने।

६, COVID-19( कोरोना भाइरस)को बढ्दो संक्रमणलाई मध्यनजर गर्दै पाख्रीबास नगर क्षेत्रभित्र सञ्चालित सामुदायिक र नीजि विद्यालयहरुमा भौतिक रुपमा पठन-पाठन नगराइ भर्चुअल तथा बैकल्पिक माध्यमद्वारा सिकाई कृयाकलाप सञ्चालन गर्ने।

७, संघीय सरकार,प्रदेश सरकार र स्थानीय सरकारले जारी गरेका स्वास्थ्य सम्बन्धि मपदण्डहरु पूर्ण रुपमा पालना गर्ने गराउने।

८, पाख्रीबास नगर कार्यपालिकाको कार्यालयमा हेल्थ डेस्क सञ्चालन गर्ने।

०७८।१।१४

डिकबहादुर राई
प्रमुख प्रशासकीय अधिकृत
उप-सचिव

प्रमुख प्रशासकीय अधिकृत